सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

**आदेश**

०७९-WH-००२६

**मुद्दाः-बन्दीप्रत्यक्षीकरण।**

हाल बाल सुधार गृह भक्तपुर सानोठिमीमा रहेकी परिवर्तित नाम नारायणी १ को हकमा सार्वजनिक प्रतिरक्षक समाज नेपाल (PDS-Nepal) संग आवद्ध अधिवक्ता नवल किशोर साह-----------------------------------------------------------------१ निवेदक

विरुद्ध

डिभिजन वन कार्यालय काठमाडौं, हात्तीसार, काठमाडौं---------------------------१
ऐ. कार्यालयका अनुसन्धान अधिकृत रोशना पोखरेल----------------------------१
जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौं---------------------------------१
काठमाडौं जिल्ला अदालत, बबरमहल------------------------------------------१
विपक्षी

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ (२) र (३) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तरगत दायर भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ।

**तथ्य खण्ड**

१. प्रहरी प्रभाग नयाँ बसपार्क, गोगंबुको जाहेरीको आधारमा वर्ष १५ की नावालिग परिवर्तित नाम नारायणी १ समेतलाई प्रहरीले नियन्त्रणमा लिई सालकको खपटा ओसार पसार तथा विक्री वितरण मुद्दाको अनुसन्धानको लागि भनी मिति २०७९।०४।२९ मा बालसुधार गृहमा राखिएको छ। बालबालिकाको मुद्दा हेर्ने अधिकारक्षेत्र नभएको माननीय जिल्ला न्यायाधीश श्री केशव प्रसाद अधिकारीज्यूको इजलासबाट मिति २०७९।०५।०२ गते कानून व्यवसायीको

उपस्थिति विना नै अनुसन्धानको लागि बालसुधार गृहमा राख्नका लागि म्याद थप गरिएको छ। यसरी नावालिग परिवर्तित नाम नारायणी १ लाई नेपालको संविधानको धारा १७(१), १८(१),(२) र (३), २०(३) र (९) र ३९(२)(८) तथा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३०(१),(३),(६) र ८० एवं मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १६(१) र (२) समेतको विपरित गैरकानूनी रुपमा अनुसन्धानको लागि भनी बाल सुधार गृहमा राखिएकोले विपक्षीहरुको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निज नावालिगलाई थुना मुक्त गरी पाउँ भन्ने समेत व्यहोराको परिवर्तित नाम नारायणी १ को हकमा सार्वजनिक प्रतिरक्षक समाज नेपाल (PDS-Nepal) सँग आवद्ध अधिवक्ता नवल किशोर साहले पेश गरेको निवेदन पत्र।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सो समेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ३ (तीन) दिनभित्र निवेदकउपर अनुसन्धान छानविन भैरहेको प्रहरी प्रभाग नयाँ बसपार्क, गोंगबु, काठमाडौंको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी नारायणी १ भएको अवैध रुपमा सालकको खपटा जस्तो वस्तु ३ के.जि. ५५० ग्राम ओसारपसार तथा विक्रि वितरण सम्बन्धी मुद्दाको सक्कल मिसिल र बन्दी सहित महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ लिई उपस्थित हुन भनी यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी प्रत्यर्थीहरुको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७९।०५।०७ को आदेश।

३. प्रस्तुत सालकको खपटा ओसारपसार तथा विक्रि वितरण सम्बन्धी मुद्दाको काम कारवाहीमा विशेष ऐन आकर्षित हुने हुँदा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लागू हुने देखिन्छ। प्रस्तुत मुद्दामा डिभिजन वन कार्यालय, काठमाडौंबाट अनुसन्धानको लागि तोकिएका अनुसन्धान अधिकृतले नै अनुसन्धानको क्रममा पक्राउ परेका संकित व्यक्तिहरुको म्याद थपका लागि सम्बन्धित मुद्दा हेर्ने निकाय (काठमाडौं जिल्ला अदालत) मा उपस्थित गराई अधिकार प्राप्त अधिकारीबाट म्याद थप गरी/गराई अनुसन्धान कार्य सम्पन्न गरी राय/निर्णय निकासाका लागि मात्र यस कार्यालयमा आउने गरेकोमा उक्त मुद्दा सम्बन्धी राय/निर्णय निकासाको लागि आईसकेको नदेखिँदा सो मुद्दाको सन्दर्भमा यस कार्यालयलाई जानकारी नभएको तथा यस कार्यालयको संलग्नता नरहेको र निवेदनमा समेत यस कार्यालयको के कस्तो संलग्नता, कार्यले निज निवेदकको के कुन हक अधिकार हनन् भएको हो भन्ने समेत कहीं कतै खुलाउन समेत

सकेको नदेखिएको अवस्थामा यस कार्यालयलाई विपक्षी बनाई दायर गरेको प्रस्तुत रिट निवेदन यस कार्यालयको हकमा खारेज गरी पाउँ भन्ने समेत व्यहोराको जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको तर्फबाट पेश भएको लिखित जवाफ।

४. प्रहरी परिसर नयाँ बसपार्क गोंगबू काठमाडौंको च.नं. ३३४ मिति २०७९।०५।०२ गते म्याद थपको सम्बन्धमा पत्र प्राप्त भई यस अदालतबाट निज अभियुक्त परिवर्तित नाम नारायणी १ को हकमा सालकको खपटा जस्तो वस्तु ओसार पसार तथा विक्रि वितरण अभियोगमा मिति २०७९।०५।०२ गतेबाट लागू हुने गरी ५(पाँच) दिनको लागि प्रहरी हिरासतमा राखी अनुसन्धानको कार्य गर्न मनासिव आधार कारण देखिएकोले फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ को उपदफा (६) बमोजिम म्याद थप भएको व्यहोरा सादर अनुरोध गरिन्छ। यसरी अनुसन्धानको लागि हिरासतमा राख्न माग भए अनुसार कानून बमोजिम अनुमति प्रदान गरिएकोले रिट निवेदक गैर कानूनी थुनामा नरहेको र रिट निवेदकको कुनै पनि संवैधानिक तथा कानून प्रदत्त अधिकारमा आघात पुग्ने गरी यस अदालतबाट आदेश भएको नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको काठमाडौं जिल्ला अदालतको तर्फबाट पेश भएको लिखित जवाफ।

५. प्रहरी प्रभाग, बसपार्क गोंगबु, काठमाडौंको प्रहरी कर्मचारीहरुको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी नावालिग भनी जिकिर गरिएकी नारायणी १ समेत भएको वन्यजन्तु सालकको खपटा जस्तो देखिने वस्तु अवैध रुपमा ५.५५ के.जि. ओसारपसार तथा विक्रि वितरण गरेको भन्ने अभियोगमा मिति २०७९।०४।२८ गतेका दिन पक्राउ परी आवश्यक कारवाहीको लागि च.नं. ३२० मिति २०७९।०४।२८ गतेको पत्रसाथ यस कार्यालयमा पेश हुन आएको हुँदा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९ र २६ को कसूर अपराध गरेको देखिएकोले अनुसन्धान अधिकृतको रुपमा अनुसन्धान गरिएको तथा अनुसन्धानको क्रममा रिट निवेदकलाई सम्मानित काठमाडौं जिल्ला अदालतको मिति २०७९।०४।२९ को आदेशले बाल सुधार गृहमा राखी अनुसन्धान कार्य भईरहेको तथा रिट निवेदकलाई गैरकानूनी थुनामा नराखिएको तथा मुद्दा अनुसन्धानकै क्रममा रहेको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको डिभिजन वन कार्यालय, काठमाडौंका उक्त मुद्दाका अनुसन्धान अधिकृत रोशना पोखरेल र ऐ. कार्यालयको तर्फबाट पेश गरेको एकै मिलानको छुट्टाछुट्टै लिखित जवाफ।

## आदेश खण्ड

६. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत निवेदन सहित मिसिलहरु अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरु श्री विमला यादव,

श्री पंकज कुमार कर्ण र श्री अजय शंकर झा "रुपेश" ले १५ वर्षकी नावालिग परिवर्तित नाम नारायणी १ लाई अवैध सालकको खपटा जस्तो वस्तु ओसार पसार तथा विक्री वितरणको कसूरको अनुसन्धानको लागि भनी कानून व्यवसायीको अनुपस्थितिमा क्षेत्राधिकार विहिन इजलासबाट म्याद थप गरी बाल सुधार गृहमा गैरकानूनी रुपमा राखिएकाले विपक्षीहरुको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निज नावालिगलाई थुना मुक्त गरी पाउँ भनी तथा विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री कैलाश के.सी. ले नावालिग भनिएकी परिवर्तित नाम नारायणी १ को जन्मदर्तामा जन्म मिति २०५५।०९।२६ रहेकाले निज बालिग भैसकेको देखिँदा रिट निवेदन खारेज गरी पाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

७. प्रहरी प्रभाग, बसपार्क गोंगबु, काठमाडौंको प्रहरी कर्मचारीहरुको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी वर्ष १५ की नारायणी १ समेत भएको वन्यजन्तु सालकको खपटा जस्तो देखिने वस्तु अवैध रुपमा ५.५५ के.जि. ओसारपसार तथा विक्रि वितरण गरेको कसूरको अनुसन्धानको लागि भनी बालबालिका सम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकार नभएको इजलासबाट कानून व्यवसायीको अनुपस्थितिमा अनुसन्धानको लागि म्याद थप गरी नावालिगलाई बाल सुधार गृहमा गैरकानूनी रुपमा राखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निज नावालिगलाई थुना मुक्त गराई पाउँ भन्ने निवेदन दावी तथा कानून बमोजिम मुद्दाको अनुसन्धानको लागि म्याद थप गरी हिरासतमा राखिएको भन्ने लिखित जवाफ जिकिर र निज प्रतिवादी बालिग भैसकेको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने विपक्षीको तर्फबाट बहस जिकिर रहेको पाइन्छ।

८. उपर्युक्तानुसारको तथ्य र बहस जिकिर रहेको प्रस्तुत मुद्दामा निम्न विषयहरुमा निर्णयमा पुग्नु पर्ने देखियो:

१. निवेदन दावी बमोजिमको आदेश जारी हुने हो वा होइन ?

२. वन कार्यालयहरुबाट हुने अपराध अनुसन्धानमा सरकारी वकिलको के कस्तो भूमिका रहने हो ?

९. पहिलो प्रश्नतर्फ विचार गर्दा, प्रहरी प्रभाग नयाँ बसपार्क, गोंगबु, काठमाडौंको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी परिवर्तित नाम नारायणी १ समेत भएको अवैध रुपमा सालकको खपटा जस्तो वस्तु ३.५५ के.जि. को ओसार पसार तथा विक्री वितरण सम्बन्धी मुद्दाको अनुसन्धानको क्रममा परिवर्तित नाम नारायणी १ समेतलाई मिति २०७९।०४।२८ गते पक्राउ गरी डिभिजन वन कार्यालय काठमाडौंमा पेश भएको र सो कार्यालयले अनुसन्धान अधिकृत तोकी मुद्दाको अनुसन्धान गर्ने क्रममा काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीहरुउपर अनुसन्धान

प्रयोजनका लागि हिरासतमा राख्न म्याद थप भएको देखिन्छ। प्रतिवादीहरुमध्ये परिवर्तित नाम नारायणी १ लाई बाल सुधार गृहमा राख्नको लागि म्याद थप भएको देखिन्छ। निज प्रतिवादी परिवर्तित नाम नारायणी १ नावालिग भएकोले निजको हकमा काठमाडौं जिल्ला अदालतको साधारण इजलासबाट भएको म्याद थपको आदेश गैर कानूनी भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्छ भन्ने निवेदन दावी भएकोमा अनुसन्धान गर्ने निकाय डिभिजन वन कार्यालय काठमाडौंको उक्त अनुसन्धानको सक्कल फाइल हेर्दा निज प्रतिवादीको जन्मदर्ताको प्रतिलिपि प्राप्त हुन आएको र जसमा निजको जन्ममिति २०५५।०९।२६ रहेको देखिएको हुँदा निज नावालिग भएको भन्ने निवेदन दावी निर्विवादित रुपमा पुष्टि हुन सकेको देखिँदैन। निज प्रतिवादीलाई निजको उमेरको सम्बन्धमा यस इजलासबाट सोधपुछ हुँदा समेत निज स्वयंले आफू वालिग भएको भनी खुलाएकी छिन्। यस अवस्थामा निज प्रतिवादी परिवर्तित नाम नारायणी १ वालिग रहेको देखिँदा काठमाडौं जिल्ला अदालतको साधारण इजलासबाट अनुसन्धानको लागि म्याद थप गरिएको कार्य कानून सम्मत नै देखियो। यसर्थ निवेदक प्रतिवादी वालिग भैसकेको देखिएको अवस्थामा साधिकार निकायबाट आवश्यक प्रक्रिया पुरा गरी अनुसन्धानको लागि म्याद थप भएको कार्य कानून बमोजिम रहेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन। रिट निवेदन खारेज हुने ठहर्छ।

१०. अब दोस्रो प्रश्न वन कार्यालयहरुबाट हुने अपराध अनुसन्धानमा सरकारी वकिलको भूमिकाका सम्बन्धमा विचार गर्दा, रिट निवेदन खारेज भए तापनि सरकारवादी हुने फौजदारी मुद्दाको अनुसन्धान-अभियोजन कार्यमा सरकारी वकिलको महत्वपूर्ण भूमिका हुनेमा आखेटोपहारसम्बन्धी मुद्दाको सम्बन्धमा '***अनुसन्धान कार्य सम्पन्न गरी राय/निर्णय निकासाका लागि मात्र यस कार्यालयमा आउने गरेको*** भन्ने विपक्षी जिल्ला सरकारी वकिलको कार्यालयको लिखित जवाफ जिकिर विचारणीय देखिन्छ। यस्ता मुद्दाको अनुसन्धानको कामकारवाहीमा सरकारी वकिलको भूमिकाको सम्बन्धमा के कस्तो व्यवस्था रहेछ भनी हेर्नुपर्ने देखियो। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २९ अनुसार उक्त ऐन अन्तर्गतका मुद्दाहरुमा नेपाल सरकार वादी हुने देखिन्छ। आखेटोपहारसम्बन्धी मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसुची १ मा उल्लेख नभई अनुसूची २ को २ नं. को व्यवस्था अनुसार अनुसूची १ मा उल्लेख नभएका नेपाल सरकार वादी भई चलाइने फौजदारी मुद्दा भएको देखिएकाले आखेटोपहार सम्बन्धी मुद्दा फौजदारी कार्यविधि संहिताको अनुसूची २ मा परी सरकार वादी हुने प्रकृतिको मुद्दाकै रुपमा रहेको देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ३ को उपदफा (१) मा "**कुनै कसूरको अनुसन्धान, अभियोजन, मुद्दा हेर्ने अधिकारक्षेत्र, सुनुवाइ,**

**फैसला कार्यान्वयन वा अन्य कुनै कारबाहीका सम्बन्धमा छुट्टै संहितामा व्यवस्था गरिएको रहेछ भने त्यस्तो विषयमा यस संहिताको व्यवस्थाले असर पार्ने छैन"** भन्ने व्यवस्था उल्लेख भएको पाइन्छ भने उपदफा (२) मा "**उपदफा (१) मा उल्लिखित छुट्टै संहितामा व्यवस्था नभएको कार्यविधिको विषयमा यसै संहिताको व्यवस्था लागू हुनेछ"** भन्ने व्यवस्था रहेको पाइन्छ। उल्लिखित प्रावधान अनुसार सामान्यतया राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गतको आखेटोपहार सम्बन्धी कसूरको सम्बन्धमा सोही ऐनमा भएको अनुसन्धान सम्बन्धी कार्यविधि आकर्षित हुने भई सोको विवेचना गर्नुपर्ने देखियो।

११. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २४क. को उपदफा (२) मा म्याद थपको व्यवस्था अन्तर्गत देहायको व्यवस्था रहेका पाइन्छः

> "गिरफ्तार गरिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकीकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने कर्मचारीले निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई मुद्दा हेर्ने अधिकारीको अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ। सो बमोजिम अनुमति माग्दा थुनामा परेका व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भै सकेको भए बयान कागजको व्यहोरा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ।"

त्यसैगरी उक्त ऐनको दफा ३० को उपदफा (१) मा "**... तहकिकातको काम पूरा भएपछि राष्ट्रिय निकुञ्ज कार्यालय वा आरक्ष कार्यालय वा वन्यजन्तु संरक्षण कार्यालय वा वन कार्यालय वा वन सम्बन्धी कार्य गर्ने अन्य कार्यालयको नामबाट मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ"** भन्ने व्यवस्था तथा सोही दफाको उपदफा (२) मा "**उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्दा सम्बन्धित अधिकृतले सरकारी वकिलसित राय सल्लाह लिन सक्नेछ"** भन्ने व्यवस्था रहेको पाइन्छ। उल्लिखित व्यवस्थाहरु अनुसार उक्त ऐन अन्तर्गतको कसूरको सम्बन्धमा सम्बन्धित निकायले नै अनुसन्धान अधिकृत तोकी अनुसन्धानको काम सम्पन्न भएपछि मुद्दा दायर गर्दा मात्र निजले चाहेमा सरकारी वकिलसँग राय सल्लाह लिन सक्ने जस्तो स्वेच्छिक व्यवस्था गरेको देखिन्छ।

१२. अर्कोतर्फ नेपाल सरकार वादी भई चलाइने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ अन्तर्गतका फौजदारी कसूरको सम्बन्धमा उक्त संहिताको दफा १४ को उपदफा (३) मा कुनै व्यक्तिलाई चौबीस घण्टाभन्दा बढी "**हिरासतमा राख्नु परेमा अनुसन्धान अधिकारीले त्यसको आधार र कारण खुलाई सरकारी वकिल कार्यालय मार्फत मुद्दा हेर्ने अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ"** भन्ने व्यवस्था गरेको पाइन्छ। संहिताको उक्त व्यवस्थाबाट फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजनको कार्यलाई प्रभावकारी बनाउनका

लागि अपराध अनुसन्धानमा सरकारी वकिलको प्रत्यक्ष सुपरिवेक्षण हुन सकोस् भन्ने विधायिकाको मनसाय रहेको बुझिन्छ।

१३. उपर्युक्त व्यवस्थाहरु अनुसार पहिले जारी भएको विशेष कानून (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९) को व्यवस्थाभन्दा पछि जारी भएको सामान्य कानून (मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४) को व्यवस्था मुद्दाको अनुसन्धानको सम्बन्धमा बढी प्रभावकारी रहेको देखिएको र सो विशेष कानूनभन्दा पछि नेपालको संविधान जारी भएको सन्दर्भमा मुद्दाको अनुसन्धानमा सरकारी वकिलको भूमिकाका सम्बन्धमा नेपालको संविधानको व्यवस्थाहरुको विवेचना गर्नुपर्ने देखियो।

१४. नेपालको संविधानको धारा १५८ को उपधारा (२) मा "**नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकिलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ। यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ**" भन्ने व्यवस्था रहेको पाइन्छ। त्यसै गरी महान्यायाधिवक्तालाई आफ्नो कर्तव्य पालन गर्दा धारा १५८ को उपधारा (६) बमोजिम देहायको काम गर्ने अधिकार रहेको पाइन्छ:

क) नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने,

ख) मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने वा गराउने,

ग) हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधिनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने।

त्यसैगरी धारा १५८ को उपधारा (७) बमोजिम संविधानमा उल्लिखित महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार प्रत्यायोजन भई मातहतका सरकारी वकीलबाट समेत प्रयोग हुने देखिन्छ।

१५. उपर्युक्त संवैधानिक व्यवस्थाले फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनलाई सबल बनाई समग्र फौजदारी न्याय प्रणालीलाई नै प्रभावकारी बनाउने संयन्त्रको रुपमा सरकारी वकिललाई जिम्मेवार बनाएको पाइन्छ। संविधानको धारा १५८ को उपधारा (७) को देहाय (क) द्वारा

प्रदत्त नेपाल सरकार वादी भई चल्ने फौजदारी मुद्दामा प्रतिरक्षा गर्ने अधिकारभित्र अनुसन्धानको शुरुवातदेखि नै काम कारवाहीहरुको सुपरिवेक्षण गरी अनुसन्धानलाई नै प्रभावकारी बनाई अभियोजन र प्रतिरक्षालाई प्रभावकारी बनाउने अधिकार अन्तरनिहित रहेको मान्नुपर्ने हुन्छ। अझ धारा १५८ को उपधारा (७) को देहाय (ग) द्वारा हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार भए नभएको, आफन्त वा कानून व्यवसायी मार्फत भेटघाट गर्न दिए नदिएको जस्ता अनुसन्धानको क्रममा सुनिश्चित गरिनु पर्ने न्यायसम्बन्धी अधिकारको प्रत्याभूत भए नभएको सम्बन्धमा सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिने अधिकार सरकारी वकिललाई सुम्पिएको पाइन्छ। यसबाट **फौजदारी मुद्दामा अनुसन्धानको सबै चरण र प्रक्रियामा सरकारी वकिलको सुपरिवेक्षणद्वारा समग्र फौजदारी न्याय प्रणाली प्रभावकारी बनाउने नेपालको संविधानको उद्देश्य रहेको देखिन्छ। संविधानको यो उद्देश्यतर्फ उन्मुख हुनु सम्बद्ध सबै पक्षको कर्तव्य हुने देखिन्छ।**

१६. विशेष ऐनमा छुट्टै व्यवस्था भए बाहेक सबै सरकारवादी हुने फौजदारी कसूरको अनुसन्धानमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले सरकारी वकिलको भूमिका देहाय बमोजिम उल्लेख गरेको पाइन्छः

क) प्रहरीले जाहेरी दर्ता नगरे कारवाही गर्नेः संहिताको अनुसूची १ मा उल्लिखित कुनै कसूरको जाहेरी दरखास्त सम्बन्धित प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेको उजुरी लिई सो सम्बन्धी कारवाही गर्ने, (दफा ५)।

ख) अनुसन्धान अधिकारी तोकिएको जानकारी राख्नेः संहिताको अनुसूची १ मा उल्लिखित कुनै कसूर भएको वा भइरहेको वा हुन लागेको जानकारी प्राप्त भएमा सम्बन्धित प्रहरी कार्यालयले यथाशिघ्र अनुसन्धान अधिकारी तोकी त्यसको जानकारी सम्बन्धित सरकारी वकिल कार्यालय र आफूभन्दा माथिल्लो प्रहरी कार्यालयलाई दिनु पर्ने, (दफा ८(१))।

ग) अनुसन्धानको लागि म्याद थपको अनुमति लिनेः कुनै व्यक्तिलाई चौबीस घण्टाभन्दा बढी हिरासतमा राख्नु परेमा अनुसन्धान अधिकारीले त्यसको आधार र कारण खुलाई सरकारी वकिल कार्यालय मार्फत मुद्दा हेर्ने अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्ने, (दफा १४(३))।

घ) जाहेरी दरखास्त मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नेः पक्राउ परेको व्यक्तिलाई हिरासतमा राख्ने अनुमतिको लागि अदालत समक्ष निवेदन दिँदा प्रहरी कार्यालय वा अनुसन्धान अधिकारी समक्ष परेको जाहेरी दरखास्त वा दिएको सूचनाको एक प्रति अनुसन्धान अधिकारीले सरकारी वकिल मार्फत मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने, (दफा २८(१))।

ङ) <u>झुट्ठा उजुरी तामेलीमा राख्ने र थप अनुसन्धान गर्न निर्देशन दिने:</u> संहिताको अनुसूची १ र २ अन्तर्गतका कसूरको सम्बन्धमा भ्रमपूर्ण, झुट्ठा वा काल्पनिक जाहेरी दरखास्त वा सूचना भई अनुसन्धान गर्न आवश्यक नभएको भनी अनुसन्धान अधिकारीबाट प्रतिवेदन प्राप्त भएपछि अनुसन्धान गर्न मनासिब आधार नदेखिएमा कारण खुलाई थप प्रमाण प्राप्त हुन आएका बखत अनुसन्धान गर्न सकिने गरी तत्काल तामेलीमा राख्ने वा वारदातको प्रकृति अध्ययन गर्दा तत्काल अनुसन्धान गर्न उपयुक्त हुने देखेमा कारण खुलाई थप अनुसन्धान गर्न निर्देशन दिने, (दफा ११)।

च) <u>अभियुक्तलाई धरौट वा जमानतमा छाड्ने वा तारेखमा राख्ने:</u> अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहनु आवश्यक वा उपयुक्त नदेखिएमा त्यस्तो व्यक्तिबाट धरौट वा जमानत लिई वा निजलाई कुनै माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाड्न वा तारिखमा राख्नका लागि अनुसन्धान अधिकारीलाई सहमति दिने, (दफा १५)।

छ) <u>अनुसन्धानको क्रममा अभियुक्तको बयान गराउने:</u> संहिताको अनुसूची १ र २ अन्तर्गतका कसूरको अनुसन्धानको क्रममा आफ्नो रोहवरमा अनुसन्धान अधिकारी मार्फत अभियुक्तको बयान गराउने र आवश्यक प्रश्न सोध्ने, (दफा १६)।

ज) <u>प्रारम्भिक अनुसन्धान प्रतिवेदन अध्ययन गरी निर्देशन वा राय दिने:</u> संहिताको अनुसूची १ र २ अन्तर्गतका कसूरको सम्बन्धमा प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि अध्ययन गरी कसूरसँग सम्बन्धित कुनै विषयमा थप अनुसन्धान गर्न अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन वा राय सल्लाह दिने, (दफा १० र २६)।

झ) <u>मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने:</u> सम्बन्धित अधिकारी वा कार्यालय प्रमुखबाट सबुत प्रमाण साथ अभियोगपत्र दायर गरी राय सहितको मिसिल प्राप्त भएपछि मुद्दा चल्ने वा नचल्ने निर्णय गरी मुद्दा चल्ने निर्णय भए मुद्दा चलाउनु पर्ने व्यक्ति तथा निज उपरको अभियोग, सजाय र अभियोगपत्रमा लिनु पर्ने दावी समेत उल्लेख गरी मुद्दा दायर गर्न म्याद ननाघ्ने गरी प्राप्त मिसिल फिर्ता पठाउनु पर्ने, (दफा ३(२) को देहाय (ख) तथा दफा ३१(३))।

ञ) <u>थप अनुसन्धान गर्न निर्देशन दिने:</u> मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा सरकारी वकिलले थप सबुद प्रमाण सङ्कलन गर्न वा थप अनुसन्धान गर्न वा कुनै व्यक्तिसँग थप सोधपुछ गर्न आवश्यक देखेमा त्यस्तो सबुद प्रमाण सङ्कलन

गरी वा थप अनुसन्धान गरी पठाउन वा त्यस्तो व्यक्तिसँग सोधपुछ गरी पठाउने अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्ने, (दफा ३१(४))।

ट) अनुसन्धानको सन्दर्भमा महान्यायाधिवक्ताले आवश्यक निर्देशन दिन सक्नेः नेपाल सरकारबाट दायर हुने कुनै फौजदारी मुद्दामा भई रहेको अनुसन्धानको बारे महान्यायाधिवक्ताले आवश्यक जानकारी लिई अनुसन्धान अपर्याप्त भएको वा त्यस्तो कसूरमा कुनै खास उपाय, तरिका वा विधि अपनाउनु पर्नेमा त्यस्तो उपाय, तरिका वा विधि नअपनाइएको वा थप अनुसन्धान गर्नु पर्ने भन्ने लागेमा महान्यायाधिवक्ताले अनुसन्धान सम्बन्धमा अनुसन्धान अधिकारी वा निजको विभागीय प्रमुखलाई जुनसुकै समयमा निर्देशन दिन सक्ने, (दफा २७)।

ठ) दायर भएको मुद्दाको अभिलेख राख्नेः सम्बन्धित अधिकारीले मुद्दा दायर गरी पठाएको मिसिलको एक प्रति नक्कल प्राप्त गरी अभिलेख गर्ने, (दफा ३(२) को देहाय (ग))।

ड) अभियुक्तले अदालतमा बयान गर्दा अन्यथा जिकिर लिएमा तत्सम्बन्धमा थप अनुसन्धान गर्न लगाउनेः अभियुक्तले अदालतमा बयान गर्दा अनुसन्धान अधिकारी समक्ष गरेको भन्दा फरक जिकिर लिएमा तत्सम्बन्धमा पुनः अनुसन्धान गरी वा गराई अदालतमा थप प्रमाण पेश गर्न माग गर्ने र अदालतबाट अनुमति प्राप्त भएपछि थप अनुसन्धान गर्न लगाउने, (दफा १२३(२))।

ढ) श्रव्य दृष्यका साधनबाट प्रमाणको अभिलेख गर्नेः अदालत ल्याउन नसकिने प्रमाणलाई श्रव्य दृष्यका साधनबाट अभिलेख गर्ने वा गराउने, (दफा १८४(१))।

१७. उल्लिखित व्यवस्थाहरु सामान्यतया सबै प्रकारका अपराध अनुसन्धानमा आकर्षित हुने प्रकृतिका देखिन्छन्। **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ एक सामान्य कानून भए तापनि माथि उल्लिखित अपराध अनुसन्धानका सम्बन्धमा उल्लेख भएका प्रावधानहरु अपराध अनुसन्धानका लागि विशेष हुन्। नेपालको कानूनी इतिहास हेर्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ अनुसार विशेष ऐनले उल्लेख गरेका व्यवस्थाहरुलाई सहजताका लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा राखिएको सम्म हो। यस्ता व्यवस्था सामान्य कानूनमा उल्लेख गरिएको भए तापनि अपराध अनुसन्धान र त्यसको सुपरीवेक्षणका लागि विशेष प्रकृतिका मान्नु पर्ने देखिन्छ। यस्ता प्रावधानहरुद्वारा सरकारी वकिलको सुपरिवेक्षण मार्फत अपराध अनुसन्धानलाई सबल र प्रभावकारी बनाउने बिधायिकाको उद्देश्य रहेको हो भन्ने बुझ्नु पर्दछ।**

१८. अपराध अनुसन्धानमा सरकारी वकिलको सुपरिवेक्षण सम्बन्धी नेपालको कानूनी इतिहास हेर्दा, सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ र सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ तथा नियमावली २०५५ लाई अवलोकन गर्नुपर्ने देखिन्छ। सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ ले अपराध अनुसन्धानमा पब्लिक प्रोसिक्युटर (सरकारी वकिल) को भूमिका देहाय बमोजिम उल्लेख गरेको पाइन्छ:

क) मौका तहकिकात वा सरजमीन गर्ने: अपराधको सम्बन्धमा मौका तहकिकात वा सरजमीन गर्ने, दफा (३(२))।

ख) पुलिस रिपोर्ट अदालत समक्ष पेश गर्ने: प्रहरीले पेश गरेको मुद्दा चलाउने वा नचलाउने सम्बन्धी पुलिस रिपोर्ट अदालत समक्ष पेश गर्ने, (दफा ३(४))।

ग) अभियुक्तलाई हाजीर जमानीमा छाड्ने: अभियुक्तका विरुद्ध मुद्दा चलाउन सबूद प्रमाण नपुग्ने देखिएकोमा त्यस्ता अभियुक्तलाई पछि अदालतबाट खोजी भएका बखत उपस्थित हुने हाजीर जमानीको कागज गराई छाड्ने, (दफा ३(५))।

घ) पुनः अनुसन्धान गर्ने: अदालतको आदेश अनुसार पुनः तहकिकात गर्ने, (दफा ३(६))।

१९. त्यसै गरी सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ तथा नियमावली, २०५५ मा अपराध अनुसन्धानमा सरकारी वकिलको भूमिका देहाय बमोजिम रहेको पाइन्छ:

क) अनुसन्धान अधिकारी तोकिएको जानकारी राख्ने: ऐनको अनुसूची १ मा उल्लिखित अपराधको सम्बन्धमा अनुसन्धान तहकिकातको लागि सम्बन्धित प्रहरी कार्यालयले तहकिकात गर्ने प्रहरी कर्मचारी तोकि सोको जानकारी तालुक कार्यालय र सरकारी वकिल कार्यालयलाई दिनु पर्ने, (नियम ४(१))।

ख) अनुसन्धानको लागि म्याद थपको अनुमति लिने: अभियुक्त जहिले सुकै गिरफ्तार भएमा पनि निजलाई बाटोको म्याद बाहेक चौबिस घण्टाभित्र सकभर चाँडो प्रहरीले सरकारी वकिलमार्फत अदालतमा उपस्थित गराउनु पर्ने, (नियम ९(५))।

ग) प्रारम्भिक प्रतिवेदन अध्ययन गरी आवश्यक निर्देशन दिने: अपराधको तहकिकात शुरु गर्नुभन्दा पहिले तहकिकात गर्ने प्रहरी कर्मचारीले तहकिकात गर्ने कुराहरु खुलाई पेश गरेको प्रारम्भिक प्रतिवेदन अध्ययन गरी आवश्यक निर्देशन दिने, (दफा ६)।

घ) आफ्नो रोहबरमा बयान लिने: आफु समक्ष प्रहरी कर्मचारीद्वारा अभियुक्तको बयान गराउने, (दफा ९(१))।

ङ) अभियुक्तलाई हाजिर जमानीमा छाड्न सहमति दिने: तहकिकातको सिलसिलामा प्रहरी हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा रहन आवश्यक नदेखिएको कारण खोली

पर्चा खडा गरी त्यस्तो व्यक्तिलाई हाजिर जमानीमा छोड्नको निमित्त सहमतिको लागि पत्र लेखी मिसिल प्राप्त भएमा मिसिल कागजात अध्ययन गरी त्यस्तो व्यक्ति हिरासतमा राखिराख्न आवश्यक नदेखेमा सरकारी वकिलले हाजिर जमानीमा छोड्न सहमति दिन सक्ने, (नियम ११)।

च) <u>मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने:</u> अपराधको तहकिकात पूरा भएपछि तहकिकात गर्ने प्रहरी कर्मचारीले अभियुक्त उपर मुद्दा चलाउने वा नचलाउने राय सहितको प्रतिवेदन पेश गरेपछि सरकारी वकिलले मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने, (दफा १७ तथा नियम ९(४))।

छ) <u>थप अनुसन्धान गर्न निर्देशन दिने:</u> मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा सरकारी वकिलले थप सबूत प्रमाण सङ्कलन गर्न वा कुनै व्यक्तिसँग सोधपुछ गर्न आवश्यक देखेमा त्यस्तो सबूत प्रमाण सङ्कलन गरी पठाउन वा त्यस्तो व्यक्तिसँग सोधपुछ गरी पठाउन तहकिकात गर्ने प्रहरी कर्मचारीलाई निर्देशन दिन सक्ने, (दफा १७(३))।

ज) <u>मुद्दा दायर भएपछि फेला परेको सबुद प्रमाण पेश गर्ने:</u> दायर भैसकेको मुद्दाका सम्बन्धमा प्रहरी वा अरु कसैले सबुद प्रमाण लायकको कुनै माल, वस्तु वा लिखत फैला पारी सरकारी वकिल कार्यालयमा दाखिल गरेपछि त्यस्तो माल, वस्तु वा लिखतलाई सरकारी वलिकल कार्यालयले अदालतमा तुरुन्त पेश गर्नुपर्ने, (नियम १४)।

२०. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ तथा सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ का माथि उल्लिखित व्यवस्थाहरुको तुलना गरी हेर्दा देहायको निचोड निस्कन्छ:

क) सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ मा अपराधको अनुसन्धानमा नै सरकारी वकिल सामेल हुने देखिन्छ। सर्जमीन गर्ने, पुलिस रिपोर्ट अदालतमा पेश गर्ने र अदालतको आदेश अनुसार पुनः अनुसन्धान गर्ने कार्य तत्कालीन पब्लिक प्रोसिक्युटर (सरकारी वकिल) ले गर्ने गरेको देखिन्छ। पछिल्ला कानूनहरुले सरकारी वकिललाई अपराध अनुसन्धानकर्ताबाट सुपरिवेक्षण गर्ने अख्तियारी दिएको पाइन्छ।

ख) अभियुक्तलाई हाजीर जमानीमा छोड्ने व्यवस्था संहिता र दुवै सरकारी मुद्दा सम्बन्धी ऐनमा रहेको पाइन्छ भने उक्त व्यवस्थाहरुमा धरौटमा छोड्ने र तारेखमा राख्ने समेत प्रावधान थप भएको पाइन्छ।

ग) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा केहि व्यवस्थाहरु समान रहेको देखिन्छ। अनुसन्धान अधिकारी तोकिएको जानकारी राख्ने, म्याद थपको लागि अनुमति लिने, प्रारम्भिक र अन्तिम अनुसन्धान प्रतिवेदन अध्ययन गरी आवश्यक निर्देशन दिने, आफ्नो रोहबरमा अभियुक्तको बयान गराउने, मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सरकारी वकिलको अधिकार दुवै कानूनहरुमा सुनिश्चित गरिएको पाइन्छ। सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ विशेष कानून भए तापनि उल्लिखित व्यवस्थाहरुले सामान्य कानून अर्थात मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा निरन्तरता पाएको देखिन्छ।

घ) उल्लिखितमध्ये पछि जारी भएको संविधान र कानूनहरुले अपराध अनुसन्धानको सम्बन्धमा सरकारी वकिलको भूमिका थप गर्दै लगेको देखिन्छ। सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ भन्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा प्रहरीले जाहेरी दर्ता नगरे कारबाही गर्ने, जाहेरी दरखास्त मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्ने, झुठ्ठा उजुरी तामेलीमा राख्न वा थप अनुसन्धान गर्न निर्देशन दिने, दायर भएको मुद्दाको अभिलेख राख्ने, अभियुक्तले अदालतमा बयान गर्दा अन्यथा जिकिर लिएमा तत्सम्बन्धमा थप अनुसन्धान गर्न लगाउने, श्रब्य दृष्यका साधनबाट प्रमाणको अभिलेख गर्ने जस्ता थप अधिकारहरुको व्यवस्था गरिएको देखिन्छ।

२१. नेपालको संविधानमा उल्लेख भएको महान्यायाधिवक्ताको जिम्मेवारी सम्बन्धी व्यवस्थाको विवेचना तथा उपर्युक्त कानूनहरुको तुलनात्मक अध्ययनका आधारमा **वस्तुतः नेपालको संविधानको मान्यता अनुसार तथा हाल प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा भएका अपराधको अनुसन्धानको सुपरिवेक्षण गर्ने सरकारी वकिलको भूमिका सम्बन्धी व्यवस्थाहरु मध्येका केही प्रावधानहरु विशेष ऐन मै उल्लेख भएका भए तापनि सो ऐनमा भएका अपराध अनुसन्धानका प्रकृयाहरु संविधानको मान्यता र सरकारी वकिलको थपिएको भूमिका अनुसार परिवर्तन नभएसम्म राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गतका कसूरहरुको अनुसन्धानमा मुलुकी फौजदारी कार्यविधि संहिताका व्यवस्था आकर्षित हुने नै देखिन्छ।**

२२. **'सामान्य कानून उपर विशेष कानून प्रभावी हुन्छ' (special law prevails over general law) भन्ने कानूनी सिद्धान्तको सान्दर्भिकता र उद्देश्य सामान्य कानूनका व्यवस्थाहरु अपर्याप्त रहेको विशेष क्षेत्र/विधा (discipline) मा प्रभावकारी प्रबन्ध गर्ने हो। प्रचलित संविधानले परिवर्तित अवस्थामा कानूनी प्रणालीलाई रुपान्तरण (transformation) गरी उन्नत न्याय व्यवस्था कायम गर्ने अन्तर्निहित उद्देश्य राखेको पाइन्छ। संविधानले अंगिकार गरेको मान्यता, व्यवस्था र उद्देश्य**

हासिल गर्ने सन्दर्भमा संविधानभन्दा पछि जारी भएको सामान्य कानूनको भन्दा पहिलेदेखि कार्यान्वयनमा रहेको विशेष कानूनको व्यवस्थाहरु अपूर्ण, अपर्याप्त र अप्रभावकारी देखिएमा विशिष्ट परिप्रेक्षमा सामान्य कानूनका सवल व्यवस्थाहरुद्वारा संविधानको उद्देश्य हाँसिल गर्ने कार्यलाई 'सामान्य कानून उपर विशेष कानून प्रभावी हुन्छ' भन्ने कानूनी सिद्धान्तको विपरित रहेको मान्न मिल्ने देखिँदैन। अपवाद स्वरुप विशेष कानून परिमार्जित नभएको तथा सामान्य कानूनका प्रावधानहरु विशेष कानून जारी हुनुभन्दा पछि जारी भएको अवस्थामा विशिष्ट प्रावधानको रुपमा मानिन सक्दछन्। यसर्थ, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गतको कसूरको अनुसन्धानको सम्बन्धमा उक्त ऐनमा व्यवस्था सरकारी वकिलको भूमिकाबारे स्पष्ट उल्लेख नगरेको भन्ने आधारमा मात्र त्यस्तो अनुसन्धानको कार्यमा सरकारी वकिलको सुपरिवेक्षण हुन नसक्ने भन्ने होइन।

२३. तसर्थ, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गतको कसूरको अनुसन्धान र अभियोजनलाई सुदृढ बनाउनका लागि अनुसन्धानको प्रक्रियामा सरकारी वकिलको भूमिका स्थापित गर्ने गरी यथाशीघ्र आवश्यक कानूनी प्रबन्ध गर्नु भनी फैसलाको प्रमाणित प्रतिलिपि सहित अनुसन्धानको सुपरिवेक्षण गर्ने र अभियोजनको कार्य गर्ने सरकारी वकिलहरुको प्रमुखको रुपमा रहेका महान्यायाधिवक्तालाई जानकारी गराई विपक्षी डिभिजन वन कार्यालय, हात्तीसार, काठमाडौंलाई र त्यसको तालुक अड्डामा समेत महान्यायाधिवक्ताको कार्यालयमार्फत जानकारी गराउनू भनी निर्देशनात्मक आदेश जारी हुने ठहर्छ। निर्देशनात्मक आदेशको कार्यान्वयनको लागि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२७(४) बमोजिम फैसला कार्यान्वयन निर्देशनालयलाई प्रमाणित प्रतिलिपिसहित आदेशको जानकारी दिनू। प्रस्तुत आदेशलाई विद्युतीय प्रणालीमा प्रविष्ट गरी प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाईदिनू।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः- विकाश कुमार रजक

ईति सम्वत् २०७९ साल भदौ महिना १६ गते रोज ५ शुभम्-------------------------।